नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाडौं

संघीय मामिला शाखा

पत्र सङ्ख्याः २०७४।०७५

चलानी नम्वरः ९२८

फोन नं. ४२११८९५

मितिः २०७४/१०/२१

विषयः- स्पष्ट गरी पठाईएको ।

श्री इलाम नगरपालिका
इलाम ।

प्रस्तुत विषयमा, त्यहाँको च.नं. १२८० मिति २०७४/०९/०७ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा देहाय बमोजिम स्पष्ट गरी पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

"नेपालको संविधानको धारा २१७ को उपधारा (२) बमोजिम न्यायिक समितिका दुई जना सदस्यको निर्वाचन गाउँसभा/नगरसभा वा निर्वाचन आयोग कसले गराउने सम्बन्धमा गाउँपालिकाको उपाध्यक्ष वा नगरपालिकाको उप-प्रमुखको संयोजकत्वमा गठन हुने उक्त न्यायिक समितिमा रहने धारा २१७ को उपधारा (२) बमोजिमका दुई जना सदस्यको निर्वाचन आयोगले गराउने बारेमा कानूनी व्यवस्था गरिएको नदेखिएको, विभिन्न स्थानीय तहहरुमा गाउँसभा वा नगरसभाले गाउँसभा वा नगरसभा सदस्यहरुमध्येबाट न्यायिक समितिमा रहने त्यस्ता सदस्यको निर्वाचन गरी न्यायिक समितिमा गाउँसभा वा नगरसभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरु रहने व्यवस्था स्पष्ट नै रहेको सन्दर्भमा न्यायिक समितिका दुई जना सदस्यहरुको निर्वाचन गाउँसभा वा नगरसभाबाट हुने विषयमा कुनै कानूनी द्विविधा वा अस्पष्टता नदेखिएको ।"

**बोधार्थ तथा कार्यार्थः**
श्री गाउँपालिका (सबै)
श्री नगरपालिका (सबै) ।

दाहाल
२०७४/१०/२१

(दुर्गा दाहाल)
शाखा अधिकृत